आज मिति २०८२।०३।०५ गते बिहिबारका दिन यस नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय सरमथली रसुवाको गाउँपालिकाका अध्यक्ष श्री नुर्वु स्याङवो घलेज्यूको अध्यक्षतामा ४४औं कार्यपालिकाको बैठक तपसिलका सदस्यहरूको उपस्थितमा तपसिल बमोजिमका निर्णयहरु सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्वु स्याङवो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडा अध्यक्ष - १ | |
| ४ | डावु ग्याल्बो थोक्रा | वडा अध्यक्ष — २ | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडा अध्यक्ष — ३ | |
| ६ | ज्ञानी वाईवा | वडा अध्यक्ष — ४ | |
| ७ | श्याम बहादुर थिङ | वडा अध्यक्ष — ५ | |
| ८ | यो नुर्पु तामाङ | वडा अध्यक्ष — ६ | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङनि | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङनी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | नविन गिरी | सचिव | |

CamScanner

## निर्णयहरू

**निर्णय नं. १**

नौकुण्ड गाउँपालिका वडा नं १ आरुखर्क निवासी कर्मा शेर्पा लामा कर्मा(ना.प्र.प.नं. २३-१२-७३-०००६५, रसुवा) नौकुण्ड गाउँपालिका वडा नं १, लाङवु कार्यालयमा मिति २०७५।०८।०१ देखि कार्यालय सहयोगी पदमा निरन्तर कार्यरत रहेको र निजले मिति २०८२।०२।१९ गते इमेल मार्फत राजिनामा सम्बन्धी निवेदन थान एक र नागरिकता प्रमाणपत्र एक थान राजिनामा स्वीकृति प्रयोजनार्थ पठाएकोले र निजसँग तत् तत् कार्यालयको राजश्व नगद कार्यालयमा दाखिला नगरेको र यस नौकुण्ड गाउँपालिकाको कार्यालय सरमथली, रसुवाबाट उक्त राजिनामा स्वीकृत नभएकोले दाखिला गर्ने रकम रु७३,८९४ रहेकोमा निजले पाउने २०८१ जेठ १९ सम्मको तलब रु.१५६४४ र प्रोत्साहन भत्ता(२०८१ फाल्गुन, चैत्र र २०८२ वैशाख) तीन महिनाको रु.१२,५९७ गरि जम्मा पाउने रु २८,२४१/- पालिकाको राजस्व खातामा दाखिला गर्ने बाकी राजस्व रु.४५,६५३/- बाकी रकम सरकारी बक्यौता सरह असुल नगरेसम्म यस नौकुण्ड गाउँपालिका र वडा कार्यालयबाट पाउने सरकारी सेवाहरुबाट रोक लगाउन निर्णय गरियो।

**निर्णय नं. २**

आ.व.२०८१/०८२ को स्थानीय तहमा हस्तान्तरित सर्शत अनुदानको वार्षिक कार्यक्रम बाबुआमा दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण गर्ने उद्देश्यका साथ १८ वर्ष उमेर पुरा नगरेका बालबालिकाहरुलाई स्थानीय तहमा विनियोजित सर्शत अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१/०८२ बमोजिम भत्ता वितरण यस नौकुण्ड गाउँपालिकाले गरिरहेको र तपशिल बमोजिमका वालवालिकाहरुको उमेर पुगेको तथा मार्गदर्शनले तोके बमोजिमको मापदण्ड पुरा नगरेको हुँनाले सो कार्यक्रमवाट लगत कट्टा गर्ने निर्णय गरियो।

**तपशिलः**

| क्र.सं. | नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | रुपेश तामाङ | नौकुण्ड-४ | |
| २. | महेश तामाङ | नौकुण्ड-४ | |
| ३. | विकास गलान | नौकुण्ड-५ | |

**निर्णय नं. ३**

रोजगार सहायक र रोजगार प्राविधिक सहायक पदमा कार्यरत कर्मचारीलाई श्री प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार काठमाडौंको प.सं. ४-०८१।०८२, च.नं. ४१९, मिति २०८२।०२।०१ को प्राप्त पत्र बमोजिम यस गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मा समावेश गराउने र आ.व. २०८२।०८३ देखि कार्य सम्पादनमा निरन्तरता दिने सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

नौकुण्ड गाउँपालिकाको पाँच वर्षे रोजगार रणनीतिक योजना, २०८२ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

करार कर्मचारी व्यवस्थापन तथा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि, २०८२ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम गाउँ सभामा पेश गर्ने सर्वसम्मतीले निर्णय गरियो।

**निर्णय नं. ७**

आर्थिक विधेयक, २०८२ गाउँ सभामा पेश गर्ने सर्वसम्मतीले निर्णय गरियो।

**निर्णय नं. ८**

CamScanner

**निर्णय नं.८**

यस गाउँपालिकामा आ.ब. २०८१/०८२ मा बजेट विनियोजन भई उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गरी हालसम्म कार्य सम्पन्न भएका ९२ वटा आयोजनाहरुको अनुगमन प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न भएका उक्त पूर्वाधार आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिले नै रेखदेख र मर्मत संभार गर्ने गरी उपभोक्ता समितिहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

CamScanner